**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- वित्त मन्त्री निर्मला सीतारमणले भोलि लोकसभामा 2026-27 को केन्द्रीय बजेट प्रस्तुत गर्नु हुनेछ।

- निर्वाचन आयोगले पश्चिम बंगालका सबै जिल्लाहरूलाई निर्धारित समय सीमाभित्र विशेष गहन पुनरीक्षण प्रक्रिया पूरा गर्न कडा निर्देशन दिएको छ।

- विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले हिज नयाँ दिल्लीमा अरब लीगका सदस्य देशहरुका विदेश मंत्रिहरु सित द्विपक्षीय वार्ता गर्नु भयो।

- संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले विश्व निकायका सदस्य राष्ट्रहरुले शुल्क नतिरेकाले वित्तीय संकटको खतरा रहेको बताउनु भएकोछ।

- अमेरिकाका राष्ट्रपतिले संकेत दिनुभएको छ अमेरिकी सैन्य कार्यवाहीको आशंकालाई टार्न इरान वार्तामा सामेल हुन तैयार छ।

- भारत अनि न्यूजीलैंड बीच टी.ट्वेंटी अंतरराष्ट्रीय क्रिकेट श्रृंखलाको पाँचौ अनि अन्तिम मैच आज बेलुकी सात बजेदेखि तिरुवनन्तपुरममा खेलिने छ।

**निर्मला- बजट**

वित्त मन्त्री निर्मला सीतारमणले भोलि लोकसभामा 2026-27 को केन्द्रीय बजेट प्रस्तुत गर्नु हुनेछ। लोकसभापछि बजेटको एक प्रति राज्यसभाको टेबलमा राखिनेछ। 2019 मा वित्त मन्त्रीको रूपमा पदभार ग्रहण गरेपछि श्रीमती सीतारमणको यो लगातार नवौं बजेट हो। संसदमा बजेट भाषण सकिएपछि मोबाइल एप र वेबसाइटमा बजेटको प्रतिलिपि समेत उपलब्ध हुनेछ। बजेटपछि वित्तमन्त्रीले देशका विभिन्न क्षेत्रका कलेजका तीस विद्यार्थीहरू सित अन्तरक्रिया गर्नुहुनेछ। यसअघि वित्त मन्त्रीले विभिन्न सरोकारवाला सित बजेट पूर्व परामर्श बैठक गर्नु भएको थियो। जसमा अर्थशास्त्री, व्यापार संघ, शिक्षा र स्वास्थ्य, साना तथा मझौला उद्यम, व्यापार तथा सेवा क्षेत्र, उद्योग, वित्तीय क्षेत्र र पुँजी बजारका विज्ञ र प्रतिनिधिहरू सहभागी थिए। कृषिमन्त्री शिवराजसिंह चौहानले पनि कृषि र ग्रामीण विकाससँग सम्बन्धित विविध पक्षमा बजेट पूर्व छलफल गरी सुझावको प्रतिवेदन वित्तमन्त्रीलाई बुझाउनु भएको थियो। यस क्रममा युवा लगायत नागरिकहरुबाट सुझाव पनि आमन्त्रित गरिएको छ, जुन यो बजेटमा देखिने छ।

**विशेष गहन पुनरीक्षण**

निर्वाचन आयोगले पश्चिम बंगालका सबै जिल्लाहरूलाई निर्धारित समय सीमाभित्र विशेष गहन पुनरीक्षण प्रक्रिया पूरा गर्न कडा निर्देशन दिएको छ। राज्यभरका जिल्ला निर्वाचन अधिकारीहरूलाई पठाइएको निर्देशनमा आयोगले भनेको छ कि अहिलेसम्म सुनुवाइ हुन नसकेका सूचनाहरू 1 फेब्रुअरी साँझ ५ बजेसम्म पूरा गरिसक्नुपर्ने छ। सुनुवाइ भइसकेको अवस्थामा उपस्थितिको विवरण र संकलन गरिएका कागजातहरू 2 फेब्रुअरी सम्ममा सिस्टममा अपलोड गरिसक्नुपर्ने छ।

## विदेश मंत्री- अरब समकक्ष मुलाकात

विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले हिज नयाँ दिल्लीमा अरब लीगका सदस्य देशहरुका विदेश मंत्रिहरु सित द्विपक्षीय वार्ता गर्नु भयो। बैठकको मुख्य उद्देश्य द्विपक्षीय संबंधलाई अझ सुद्रिड पार्न अनि पश्चिम एशियाको स्थितिलाई बुझ्नु थियो। यी वार्ताहरु आज नयाँ दिल्लीमा हुने दूसरी भारत-अरब लीग विदेश मंत्री स्तरीय बैठक भन्दा अघि आयोजना भएको थियो।

डॉ. जयशंकरले कोमोरोस, लीबिया, सोमालिया अनि फिलिस्तीनका विदेश मंत्रिहरु सित भेट वार्ता गर्नु भयो। उहाँले अरब लीगका महासचिव अहमद अबुल घीत सित पनि भेट गर्नु भयो। डॉ. जयशंकरले सोशल मीडिया पोस्टमा भन्नु भयो उहाँले विभिन्न क्षेत्रहरुमा सहयोग अनि मजबूती माथि व्यापक चर्चा गर्नु भयो। डॉक्टर जयशंकरले अझ भन्नु भयो उहाँले क्षेत्रमा हालको घटनाक्रम माथि पनि चर्चा गर्नु भयो। डॉ. जयशंकरले सोमालियाका विदेश मंत्री अब्दिसलाम अली सितको भेटवार्ता सकारात्मक रहेको बताउनु भयो।

डॉक्टर जयशंकरले लीबियाका विदेश मंत्री एल्ताहेर एल्बाउर, सूडानका विदेश मंत्री सलीम अहमद इब्राहिम, फलिस्तीनका विदेश मंत्री वर्सेन अघाबेकियन शाहिन सित पनि भेट वार्ता गर्नु भयो |

## वेनेज़ुएला-प्रधानमंत्री

प्रधानमंत्री नरेंद्र मोदीले वेनेजुएलाका कार्यवाहक राष्ट्रपति **डेल्सी रोड्रिग्ज** सित टेलीफोन मार्फत बातचीत गर्नुभयो। या अवधि उहाँले द्विपक्षीय साझेदारीलाई अझ विस्तारित गर्ने सहमति व्यक्त गर्नुभयो।
प्रधानमंत्री मोदी अनि वेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिग्जले व्यापार अनि निवेश, ऊर्जा, डिजिटल प्रौद्योगिकी, स्वास्थ्य, कृषि तथा जन-संबंध सहित धेरै क्षेत्रहरुमा भारत-वेनेजुएला साझेदारीलाई मजबूत गर्नमा सहमति व्यक्त गर्नुभयो। विदेश मंत्रालयले भनेको छ दुई नेताहरुले पारस्परिक हितका विभिन्न क्षेत्रीय तथा वैश्विक मुद्दामा विचार-विमर्श गर्नुभयो अनि ग्लोबल साउथका लागि सहयोगको महत्व माथि बल दिनु भयो।

## संयुक्त राष्ट्र वित्तीय संकट

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले विश्व निकायका सदस्य राष्ट्रहरुले शुल्क नतिरेकाले वित्तीय संकटको खतरा रहेको बताउनु भएकोछ। संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रहरूलाई लेखेको पत्रमा महासचिव गुटेरेसले भन्नु भएको छ, 'जुलाई महिनाको आस-पासमा संयुक्त राष्ट्र संघमा आफ्नो नियमित कार्यका लागि धनको अभाव हुन सक्छ। यस्तोमा संयुक्त राष्ट्र संघको काममा नराम्रो असर पर्नेछ। संयुक्त राष्ट्र संघमा सबैभन्दा बढी योगदान गर्ने मुलुक अमेरिकाले गत वर्षको अनिवार्य कर नतिरेपछि आर्थिक संकट निम्त्याएको थियो।

एक अधिकारीका अनुसार संयुक्त राज्य अमेरिकाले संयुक्त राष्ट्र संघको नियमित बजेटको लागि 2.19 अर्ब डलर तिर्नु पर्छ। यसका साथै यस वर्षका लागि 76.7 मिलियन डलरको दायित्व रहेको छ। गुटेरेसले भन्नु भयो 2025 को अन्त्यसम्म संयुक्त राष्ट्र संघको 1.56 अर्ब डलरको बकाया दायित्व थियो, जुन 2025 को अन्त्यमा बाँकी रहेको रकमको दोब्बर हो। श्री गुटेरेसले अझ भन्नु भयो संयुक्त राष्ट्र संघले 2026 को लागि 3.45 अर्ब डलरको नियमित बजेट पूरा गर्न सक्षम हुने छैन जबसम्म भुक्तानीको स्थितिमा सुधार हुँदैन। गत डिसेम्बरमा संयुक्त राष्ट्रसंघका 193 सदस्यहरुले बजेट सर्वसम्मतिले पारित गरेका थिए।

## प्रगति - विशेष स्टोरी

प्रधानमन्त्रीको सक्रिय शासन र समयबद्ध कार्यान्वयनको प्रमुख मञ्च प्रगतिले आफ्नो 50 औँ सफल बैठकका सितै एक महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। यसलाई सन् 2015 मा प्रधानमन्त्री नरेन्द्र मोदीले लन्च गर्नु भएको थियो। त्यस पछि, प्रगतिले प्रधानमन्त्री द्वारा प्रत्यक्ष समीक्षाको माध्यमबाट प्रमुख पूर्वाधार परियोजनाहरू र सार्वजनिक गुनासोहरूको वास्तविक समय अनुगमन र समाधान गर्न सक्षम बनाएर शासनमा परिवर्तन ल्याएको छ। यो मञ्च सहकारी संघीयताको उत्कृष्ट उदाहरण हो। यसले केन्द्र सरकार, राज्य र केन्द्रीय मन्त्रालयहरूलाई एउटै डिजिटल प्लेटफर्ममा ल्याउँछ। एक दशकभन्दा बढी समयदेखि प्रगतिले निर्णय लिने प्रक्रियालाई गति दिन, प्रमुख ढांचागत परियोजनाहरूमा

ढिलाइका कारणहरूलाई सम्बोधन गर्न र जवाफदेहीताको बलियो संस्कृतिलाई बढावा दिन सहयोग गर्दै आएको छ। रेल मन्त्रालयसँग सम्बन्धित परियोजनाहरूको एक विशेष रिपोर्ट आज यस श्रृंखलामा प्रस्तुत गरिएको छ।

**अमरीका-ईरान वार्ता**

राष्ट्रपति डोनाल्ड ट्रंपले संकेत दिनु भएकोछ कि ईरान, अमेरीकी सैन्य कार्रवाईको आशंकालाई टार्नका लागि वार्तामा शामेल हुन तयार छ। हिजो व्हाइट हाउसमा एक पत्रकार सम्मेलनमा बोल्दै राष्ट्रपति ट्रंपले भन्नु भयो - ईरान समझौता गर्न चाहन्छ। उहाँले यो पनि भन्नु भयो कि ईरानका लागि कुराकानी शुरू गर्नका लागि समय सीमा तय गरि सकिएकोछ तर अहिले यो स्पष्ट गरिएको छैन भन्नु भयो। यस भन्दा अघि इरानका विदेश मंत्री अब्बास अराघचीले भन्नु भएको थियो कि ईरान अमरीकासित वार्ता गर्नका लागि तयारछ, तर यो वार्ता निष्पक्ष शर्तहरूमा हुनु पर्छ। उहाँले देशको रक्षा क्षमताहरूमाथि कुनै पनि प्रकारको समझौतालाई स्पष्टरूमा अस्विकार गरि दिनु भेकोछ। श्री अराघचीलो यो पनि स्पष्ट गर्नु भएकोछ कि हालै कुराकानीलाई फेरी शुरू गर्नका लागि अमेरीकी अधिकारिहरूसित भेट्ने कुनै योजना छैन। ईरानको यो टिप्पणी राष्ट्रपति ट्रंपको लगातार चेतावनी बीच आएको हो। श्री ट्रंपले घरी घरी भन्दै हुनु हुन्छ कि यदि ईरानले अमेरीकाको कुरा मानेन भने उसमाथि सैन्य कारवाही गर्न सकिन्छ। ईरानले पनि चेतावनी दिन्दै भनेको छ कि उसले कुनै पनि अमेरीकी हमलाको मुखतोड़ जवाफ दिने छ। अर्को तीर तुर्किले दुवै देश बीच मध्यस्थता गर्ने प्रस्ताव दिएकोछ।

**क्रिकेट-टी-ट्वेंटी**

भारत अनि न्यूजीलैंड बीच टी-ट्वेंटी अंतरराष्ट्रीय क्रिकेट श्रृंखलाको पाँचौ अनि अन्तिम मैच आज बेलुकी सात बजेदेखि तिरुवनन्तपुरममा खेलिने छ। भारतीय टीमलाई विशाखापट्टनममा पचास रनले हारको सामना गर्न परेको थियो। यधपि भारतले श्रृंखलामा तीन-एकको निर्णायक बढ़त बनाइसकेको छ|